महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- ५ अङ्क :- १७ महिना :- असार, २०७२

## आठ महिला-बालबालिकाको हत्या

लम्जुङ - सुन्दरबजारमा सुस्तमनस्थितितिकी १३ बर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा स्थानीय ३८ बर्षीय राजु दर्जी पक्राउ परेका छन् । *(कान्तिपुर दैनिक, २०७२ असार १८)*

कपिलवस्तु - पिपरा गाविस २ बुलाडिहवा निवासी महताब आलमले पत्नी मेराजुन निसाको घाँटी थिचेर हत्या गरेका छन् । यौन सम्पर्क गर्न नदिएको आक्रोशमा घाँटी थिचेर हत्या गरेको रहस्य खुलेको प्रहरीले जनाएको छ । *(अन्नपूर्ण पोष्ट, २०७२ असार २५)*

रौतहट - पचरुखी गाविस २ छतौना टोलका बली ठाकुर हजामको ३० बर्षीया श्रीमती रञ्जुदेवी ठाकुरको ब्लेडले घाँटी रेटेर हत्या भएको छ । घरका सदस्यहरु श्रीमान् बली ठाकुर, उनकी कान्छी श्रीमती सीतादेवी ठाकुर, ससुरा समारु ठाकुर, देवर अजय ठाकुर मिलेर रञ्जुको हत्या गरी फरार रहेको प्रहरीले अनुसन्धानबाट खुलेको जनाएको छ । *(नागरिक दैनिक, २०७२ असार २२)*

२०७२ को असार महिनामा मुलुकभर महिला र बालबालिकामाथि २१ वटा हिंसाका घटना भएको अखबारहरुमा प्रकाशित छ । राष्ट्रिय दैनिकहरुको अनुगमन गरी तयार पारिएको आँकडामा महिला हिंसासम्बन्धी समाचार ९ वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित १२ वटा घटनाका समाचार प्रकाशित छन् । प्रकाशित समाचारहरुमा महिला तथा बालबालिकाको हत्या, बलात्कार, कुटपिट, घरेलु हिंसा, यौनजन्य हिंसासँग सम्बन्धित घटनाहरु रहेका छन् । यस महिनामा भूकम्पबाट प्रभावित भएको जिल्लाहरुको पुनःसंरचना तथा आर्थिक बर्ष २०७२/०७३ को बजेटका सम्बन्धमा समाचारले बढी प्राथमिकता पाएको छ । त्यस कारणले गर्दा पनि महिला र बालबालिकासँग सम्बन्धित हिंसाका घटनाहरु कम प्रकाशित भएको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

**महिला :-**

असार महिनामा ५ महिलाको हत्या भएको छ भने एक महिलाले हात्म हत्या गरेकी छन् । त्यसैगरी २ महिला सामूहिक बलात्कारको शिकार भएका छन् । एक महिला बेचविखनमा परेको समाचार प्रकाशित भएको छ ।




**बालबालिका :-**
त्यसैगरी ३ बालिकाको हत्या भएको छ । ४ बालबालिका अभिभावक साथमा नभएका कारण अलपत्र परेका छन् । २ बालिका बलात्कारको शिकार भएका छन् भने २ घाइते बालबालिकामा १ बालक र १ बालिका रहेका छन् । यौनदुर्व्यवहारका कारण १ बालिका पीडित भएको समाचार प्रकाशित भएको अनुगमनका क्रममा भेटिएको छ ।



अखबारहरुका अनुसार असार महिनामा महिला र पुरुष गरी ४ जना हतियारजन्य हिंसाबाट प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा २-२ महिला र पुरुष प्रभावित भएको सञ्चार अनुगमनका क्रममा पाइएको छ । प्रभावित हुने महिला र पुरुषमा सबैको मृत्यु भएको छ ।

हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल २, मध्यमाञ्चल ९, र सुदूर-पश्चिमाञ्चल ४ रहेको देखिन्छ ।




जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. **०१-५०११२०४** मा सम्पर्क गर्नुहुन अनुरोध छ ।